CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दान्त
सिद्धि

❋ योगसिद्धि

अद्वैत वि. वि. को पाठ्य पुस्तक

डा० क. [illegible]

अद्वैत-संस्था
नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त

योगसिद्धि

नेपालका सबै अद्वैत बिश्वबिद्यालयहरूको

पाठ्य—पुस्तक



रचयिता

ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती

एम. ए. डी. फिल. बि. एल.

संस्थापक – अद्वैत-संस्था

कुलपति – अखिल अद्वैत बिश्वबिद्यालय

(नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* प्रकाशक

"स्वरूप ज्ञापक" अद्वैत विश्वविद्यालय

खुदीवेनी–[ज्ञानभूमी]–लमजुङ्ग

गण्डकी अंचल

[नेपाल]

* गीता जयन्ति

२०२६

* प्रथम संस्करण

१००० प्रति

* मूल्य

रु ३/-

IRs 2.00

* मुद्रक

भारती प्रेस

नारायणगढ [नेपाल]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(विदान 202)

बिषय सूचि

बिषय	पृष्ठ
शंका समाधान	१
हिस्सा १को विवेचन	२
प्रारब्धको अधिन को हो [हिस्सा २ को विवेचन]	५
मनको नाश केलाई भन्छ	६
हिस्सा ३ को वीवेचन	८
मनो नीरोध को क्रम	११
विषय चिन्तनबाट मनलाई निवृत्ती गर्ने क्रम	१६
अनुशीलन [परीक्षात्मक प्रणालि]	१८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काशी पञ्चक

अचन्चल मन द्वारा आफ्नो स्वरुपको अनुभव मनको वृत्ति शून्यता र वृत्ति शून्य मनद्वारा आत्मस्वरूपको अनुभूति परम शान्ति हो । यही मणिकर्णिका तिर्थ आदि गंगाहो ।

ज्ञान प्रवाह – माने चेतन स्वरूपमा सारा वृत्तिहरुको अनुस्यूतता--आफूको चित्तमा जो जो वृत्ति फुर्छ त्यै वृत्तिमा प्रतिफलित भएर भासेको साक्षीवाट त्यसैलाई भन्छ ज्ञान प्रवाह ।

काशीमाने – शुद्ध चेतन आफू हो । त्यही चेतनको अनुभूति हो मणिकर्णिका । यथार्थ [म] हो यथार्थ काशी । कस्तो ? जस्मा ईन्द्रजाल झैं सब देखिन्छ कहांबाट ? मनोमात्र – मनको चिताउनु मात्र जो सारा जगत जस्मा कल्पित हुन्छ त्यो काशी हो । काशी कस्तो हो ? सत् – चित् – सुखरूप । यसैको नाम परमात्मा ब्रह्म हो ।

शुद्ध चेतन कहां विराजमान छ ? अन्नमयदेखि आनन्दमय सम्म पांच च्यादरमा रहेको चेतन वस्तु काशी हो । भवानी जो हो अखण्ड शुद्ध बुद्धि ।

काशीमा पुग्नु – बाहिर नजानु भित्र सारा दृश्य हराईकन जान्नु तब शुद्ध चेतन रूप काशी प्रकट हुन्छ । ज्ञान गंगा माने – जो कुछ वृत्ति फुर्छ – हजार वृत्तिमा प्रतिविम्ब यो शरीरमा यसरी ज्ञान गंगा प्रवाहित भएको हो । काशी माने – शुद्ध चेतन । तुरीय आत्मा के ? जान्ने वाला चेतन होईन, शुद्ध चेतन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक्कथन

प्रस्तुत योगसिद्धि नेपालको सुप्रशिद्ध त्रैमासिक 'साक्षात्कार' पत्रिका वर्ष ३ अंक ३ मा प्रकाशित एकजना सज्जनको शंकाको जवाफ हो। जिज्ञासा मननीय भएको हुँदा यसको समाधान स्वयं परमपूज्य गुरुदेबबाट नै भयो। अनि शंका भन्दा समाधान मननीय ठानेकोले यसलाई 'स्वरूप ज्ञापक' अद्वैत विश्वविद्यालयले पुस्तकाकार दिने नीधो गरे अनुसार आज हामी अद्वैत विश्व विद्यालयको स्मृति विभागको पाठ्यक्रमको रूपमा यसलाई निकाल्दै छौं।

ज्ञानका सात भूमिकाहरु मध्ये ज्ञानोत्तर भूमिकाहरू अथवा चार प्रकारका ज्ञानी र तिंनको व्यवहार, मनको विभाग, मन निरोधको क्रम [ध्यान, सविकल्प समाधि र निर्विकल्प समाधि] सुषुप्तिको विवेचन, २ प्रकारको मनोनास। [सरुप र अरुप] आदि गहन एवं विचारणीय बिषय बस्तुको पर्यालोचना यसमा भएकोले हामी यस ग्रन्थबाट विभिन्न भाषाविद नहुनु भएका किन्तु श्रद्धालु मुमुक्षुहरुको अवश्य कल्याण होला भन्ने आशा एवं विश्वासमा छौं।

वेदान्त जस्तो गहन विषयमा डुबुल्कि मारी यथार्थता हृदयंगम गरी त्यसलाई पुनः सरल सज्जन र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आस्तिक नेपालीहरूका सामु निःस्वार्थभावले प्रकट गरि दिने दया गर्नु हुने पूज्य ब्रह्मनिष्ठ गुरुदेवका चरणमा हामी स-भक्ति वन्दना अर्पण गर्दछौं र आशिर्वादको आकांक्षा राख्दछौं । किनकि श्री गुरुको आशिर्वाद विना प्राणिको कुनै हालतमा पनि कल्याण हुन सक्दै सक्तैन – भगवान शंकरले भन्नु भएकोछ । गुरुमा अश्रद्धा रुपी तिरस्कार नै हो विष [किं विषमधीरणा गुरुषु] । श्री गुरुचरणको अवहेलन रुप विष पिएर जीवनमृत हुनुको सट्टा हामी यस्ता पारदर्शी भगवत्तत्ववेत्ता श्री गुरुचरणको भक्ति गरी अमृत्तत्व लाभको कामना राख्दछौं ।

अन्तमा हामी भगवान पशुपतिनाथ द्वारा संरक्षित, ईश्वरमूर्ति राजा द्वारा पालित समस्त ईश्वर भक्त, राजभक्त नेपालीमा सद् विचारको अभिवृद्धि पूर्वक अभय पद प्राप्तिमा उत्तरोत्तर प्रेरणा र रूची होस् भन्ने कामना राख्दछौं ।

विनित –
डम्बरजंग गुरुङ्ग
उपकुलपति
'स्वरुपज्ञापक'अद्वैत
विश्वविद्यालय
खुदी वेनी "ज्ञानभूमी"

खुदीवेनी (ज्ञानभूमि)
गण्डकी अञ्चल, नेपाल
गीता जयन्ति
२०२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई शब्द

मनुष्य जीवनको परमलक्ष्य जो अक्षय सुख शान्ति हो, त्यसको प्राप्तिको लागि मनको आत्यन्तिक नाश [निर्वाण] गर्नु परम प्रयोजन छ। त्यस्को लागि योग र ज्ञान मार्गको अनुसरण नै मुख्य उपाय हो। यस बिना अरु कुनै उपाय अवलम्बनले मानिसको मनको [सम्पूर्ण वासनाको] नाश हुन सक्दैन र सम्पूर्ण अनात्म वासनाको क्षय बिना अक्षय शान्ति वा अभय पद मिल्न सक्दैन।

यस्तो अति दुर्जेय मनका विकारहरु क्रमले ध्यानादिको सहायले सर्व कालको लागि विनष्ट भएपछि त्यो मन फेरी संसारमा फर्कर आउन सक्दैन र शस्त्रपात आदि दुःख द्वारा पनि विचलित हुन पर्दैन साथै जसको पूण्य बराबर अरु पूण्य छैन र जुन शिद्धिको फलले धेरै कुल र आफ्नो जननि, जन्म भूमि कृत कृत्य हुन्छ यस्तो परम निर्वाण पदमा उन्नित गराई [सरस्वती, भारती पदमा प्राप्त गराई] अत्यन्त प्रशिद्ध हाम्रा राष्ट्रिय विभूति विदेह जनक जस्ता ज्ञान वानहरूलाई उत्पादन गराएर अत्यन्त सुप्रशिद्ध हिन्दू-राज्य, हिन्दूसंस्कृति [अध्यात्म भावना सम्पन्न] यो नेपाल देशमा शास्त्र प्रशिद्ध योगको परम तात्पर्य फैलाउन यो "योगसिद्धि" ग्रन्थ प्रवृत्त भै रहको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्यन्त पवित्र नेपाल भू-भागको उत्तर दिशामा अवस्थित खुदी वेनी [ज्ञानभूमि] जाहां मलाई परमार्थ सत्य अद्वैत आत्म तत्वको प्रचार प्रसार गर्ने सु-योग मिल्यो र जाहांका श्रद्धालु,सज्जन, आस्तिक नर-नारी-हरूको शुभकामना पाईकन यस दिशा तिर अप्रतिम गतिले अगाडी बढने सौभाग्य पाएं अनि जाहां आफ्नै जीवन कालमा रोपिएको अद्वैत रूपी फूल हुर्किकन आज विश्व विद्यालयको रुपमा देखिएकोछ म यस पवित्र ठाउँको आभार व्यक्त गर्दछु र मेरो यो अद्वैत प्रतिष्ठानले स्थानीय नर नारीको यथार्थ कल्याणको मार्ग प्रदर्शन गर्न सकोस भन्ने कामना व्यक्त गर्दछु ।

अन्ततः शिष्य वर्गको त्रि-तापलाई प्रक्षालन गर्न यस्ता अमूल्य योग शास्त्रादिको रचना गरिदिनु हुने प्रातः स्मरणीय दया मूर्ति गुरूवरमा र आफ्ना पुत्र-वत् प्रजा सन्मार्ग गामी बनी सुखी होउन भनी सदैव आशिर्वाद र शुभकामनाको वर्षण गरी वक्सने परम आस्तिक नरेशमा समस्त अद्वैत प्रतिष्ठान दीर्घायुको हार्दिक कामना टक्र्याउँदछ ।

विनित--

हस्तामलक **गोविन्दराम** सरस्वती

अद्वैत भारती, वेदार्थवित्

नवरत्नको अन्यतम रत्न

सभापति : अद्वैत संस्था नेपाल

गीता जयन्ति

२०२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगसिद्धि

[शंका–समाधान]

भूमिकाः– एक जिज्ञासुको शंका

यो शंका साक्षात्कार पत्रिकाको २०२५ सालको अन्तिम संख्यामा एक जिज्ञासु द्वारा गरिएको थियो। शंकाको आशय गंभीर भएको हुनाले उसको सार्थक सामाधान यहाँ विस्तृत रूपले गरिन्छ।

यो शंकाको तीन वटा हिस्साछन् –

[१] हेतु किम्वा कारण – सम्पूर्ण अनात्म दृश्य वस्तु प्रारब्धको अधीन भएको हुनाले

[२] फल किम्वा कार्य – मन हो प्रारब्धको अधीन

[३] शास्त्र विरोध – त्यसकारण मनको निरोधरुप पुरुषार्थ संभव नभएको हुनाले योगादि शास्त्रसित विरोध आइहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिस्सा १ को विवेचन

अखण्ड अपरिणामी चैतन्यवस्तु प्रारब्धको अधीन हुन सक्तैन – त्यसकारण जो परिवर्तनशील हो त्यो नै प्रारब्धको अधीन हुन्छ ।

प्रारब्ध हो पूर्वकृत कर्मको सुख दुःखरूप फलभोग केवल मनुष्य कर्मको अधिकारी भएको हुनाले मनुष्य नै प्रारब्धको अधिकारी हुन्छ । केवल साधारण अज्ञानी मनुष्य नै अधीन भैकन सुख–दुःख भोग गर्दैन किन्तु ज्ञानवान् पुरूषले पनि प्रारब्धको भोग गर्नु पर्दछ ।

समाधि प्रकर्षको तारतम्य अनुसार साक्षात्कारवान् पुरूष हुन् चार प्रकारका :–

[१] याज्ञवल्क्य (जसको उपदेशबाट जनकलाई ब्रह्म-साक्षात्कार उत्पन्न भएको थियो) आदि–ब्रह्मवित् [चतुर्थी ज्ञान भूमिका]

[२] गीताको स्थितप्रज्ञ –ब्रह्मविद्वर पंचमी ज्ञान-भूमिका

३] प्रल्हाद [जसलाई भगवान् विष्णु पञ्जजन्य शंख बजाएर समाधिबाट जगाउनु भएको थियो] ब्रह्मविद्व-रियान् [षष्ठी ज्ञानभूमिका]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[४] जो समाधिबाट कहिले पनि जाग्नु हुन्न—ब्रह्मविद्वरिष्ठ [सप्तमी ज्ञान भूमिका]

ब्रह्मविद्लाई समाधी प्राप्त हुंदैन [त्यसकारण ज्ञान परिपाकको निम्ति याज्ञवल्क्यले सन्यास ग्रहण गर्नु भएको थियो]। त्यसैले ब्रह्मविद्को लगी प्रपञ्चभान र प्रारब्ध व्यापार विद्यमान रहन्छ। स्थितप्रज्ञ पुरूषको कर्मवशात् स्वयं व्युत्थान प्राप्त अवस्थामा सुख दुःखको भान गीतामा बताईएको छ। ब्रह्मविद् वरियान् प्रल्हाद आदिलाई अरू बाट गरिएको व्युत्थान दशामा प्रपंचको भान र सुख दुःख भोग संभव हुन्छ। तर जो ब्रह्मविद्वरिष्ठ हुनुहुन्छ —जसको कहिले पनि समाधिबाट व्युत्थान हुंदैन तिन्को प्रारब्ध हुँदैन। तिनी केवल निर्गुण ब्रह्मरुप भैहाल्नु हुन्छ। तिनमा सत्वादि गुणको कार्य लागु हुन सक्तैन। यसबाट सिद्ध हुन्छकि केवल तुरीयगा [सप्तमी भूमिकामा स्थित साक्षात्कारवान् पुरूषको] प्रारब्धकर्म रहंदैन–तिनको कुनै प्रकारको कर्म रहंदैनन् [वेदान्त विज्ञान पृष्ठ २९, ३० हेर्नुस्]।

माथि देखाइएका चतुर्थ आदि ज्ञानभूमिका गीताको चतुर्दश अध्यायको २५, २४, २३, २२ मा क्रमले प्रतिपादित भएको छ। जो व्युत्थान अवस्थामा सम्यक् रूपले प्रवृत्त भएको सत्व रज र तम गुणको कार्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विक्षेप गर्नु हुन्न र समाधी अवस्थामा गुणहरुको परिणाम निवृत्त भए त्यसमा अनुराग गर्नु हुन्न–तिनी हुनु हुन्छ नित्य समाधिष्ठ **ब्रह्मविद्वरिष्ठ**। तिनको आफूबाट किम्वा अरूबाट कहिले पनि समाधिबाट व्युत्थान हुँदैन [गीता १४। २२]।

जो समाधि अवस्थामा उदासिन झैं स्थित रहनु हुन्छ र अरूबाट व्युत्थान प्राप्त भए पछि — गुणहरूकै परिणाम हुन्छ साक्षी स्वरूपको परिणाम हुँदैन" यस्तो जानेर अवस्थान गर्नु हुन्छ—गुणबाट भएको इष्ट अनिष्ट द्वारा विचलित हुनु हुन्न। तिनी हो **ब्रह्मविद् वरियान्** [गीता १४, २३]।

समाधिमा जसको सुख–दुःख बराबर भनी अनुभूत हुन्छ र समाधि हुने ईच्छा नभए जो आफूबाट नै समाधि देखि व्युत्थित हुनु हुन्छ – र व्युत्थान अवस्थामा हर्ष विषाद अनुभव गरिकन पनि जो धैर्यको बल्ले प्रचलित हुनु हुन्न तिनी हुन् **ब्रह्मविद्वर**। जस्तो कुनै सुर पुरुष तिव्र प्रहार वेदनाबाट पिडीत भैकन पनि व्यामोह प्राप्त हुँदैन 'धैर्य सित वेदनाको अनुभव गर्छ' त्यस्तो 'ब्रह्मविद्वर' हर्ष विषाद अनुभव गरिकन पनि धैर्यको बलले प्रचलित हुँदैन। वेदना अनुभूत भएतापनि ब्रह्मविद्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरियान् पुरुषलाई हर्षादिको उदय हुँदैन र ब्रह्मविद्वरिष्ठ लाई वेदनाको नै अनुभव हुँदैन 'गीता १४,२४ ।

जो ब्रह्मविद् हो तिनलाई समाधि सुखको अनुभव नभएको हुनाले स्वसंवेद्यनारुप लक्षण रहंदैन किन्तु तत्व निश्चय द्वारा तिनको द्वैत प्रपंच वाधित हुन्छ । त्यस-कारण तिनको लक्षण र आचार केवल पर–संवेद्य हुन्छ । तिनी द्वैतलाई मरूभूमीको नदी झैं देख्छु हुन्छ र मान–अपमानमा तिनको एकै भाव हुन्छ । तिनी मित्रलाई लाभ गर्ने किम्वा शत्रुलाई परित्याग गर्ने कोशिश गर्नु हुन्न त्यसकारण तिनी तीनगुण देखि अतीत हुनुहुन्छ [गीता १४,२५] ।

प्रारब्धको अधीन को हो–हिस्सा२ को विवेचन

माथि देखाइएको छ कि मनुष्य नै प्रारब्ध अधीन हुन्छ । अहिले हेर्नु पर्‍यो कि मनुष्य भन्ने के कुरा हो ।

मनुष्य हो जड़ र चेतनको मिश्रण केवल जड़ पदार्थ किम्वा शुध्द चैतन्य वस्तु सुख, दुःखको भागी हुँदैन । जड़ र चेतनको मिश्रणलाई मन भनेको छ त्यस कारण मनसित युक्त भै कन नै मानिस कार्य गरि रहन्छ र ईश्वरको नीति अनुसार त्यसबाट गरिएको कर्मको फल (सुख दुःख) भोग गर्दछ ।

मन स्वच्छ भएका हुनाले नजिकमा स्थित साक्षी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्यको प्रतिविम्वलाई ग्रहण गर्दछ । तर अविवेक वशात् विम्व र प्रतिविम्वको पार्थक्य नजानेर प्रमातारुप प्रतिविम्व लाई निजी स्वरुप भनी निश्चय गर्दछ र प्रमेय पदार्थमा सत्यता बुध्दि गरिहाल्छ । वृत्ति भेदले मन हो दुई प्रकार को '१' प्रमाता किम्वा ज्ञाता (सात्विक विभाग) र '२' प्रमेय किम्वा ज्ञय " तामसिक भाग " यी दुवै भाग नै हुन् प्रतिविम्व रूप "परिणामी र मिथ्या" । केवल विम्वभूत दुवै भागको प्रकाशक निजो साक्षी स्वरुप नै हो सत्य र अपरिणामि ।

मनहो परिणामी वस्तु सर्वदा वृत्तियुक्त 'प्रमाता भाव र प्रमेय भावविशिष्ट' । जव सम्म मन रहन्छ तव सम्म मन को यो दुई भागपनि विद्यमान रहन्छ । यो दुई भाग लाई, जड़ 'प्रमेय भाव' र चेतन 'प्रमाता भाव' कहिन्छ । त्यसकारण चैतन्यको आभासयुक्त मन केवल चेतन होइन केवल जड़ पान होइन कि तु दुवै भाग युक्त हुन्छ । सात्विक भाग युक्त मनलाई "चिदाभास किम्वा प्रमातालाई" मानिस भनिनेको छ ।

चैतन्यको छायायुक्त मनको यो सात्विक भाग चिदा भास चैतन्य किम्वा प्रमाता निजो भ्रान्त प्रमाता भावको मिथ्यात्व निश्चय उत्पन्न गरीकन निजी वास्तव ब्रह्मस्वरुप को साक्षात्कार गर्दछ । किन्तु ब्रह्मविद् भयतापनि जव सम्म मन अत्यन्त नष्ट हुदैन तव सम्म दृष्ट सुख दुःखको भान भई रहन्छ ।

मनको नाश के लाई भन्छ

मनको नाश हो दुई प्रकारको १ साक्षात्कारवान् पुरुषको आफ्नो दृष्टिमा मनोनाश र २ अरु मानिसको दृष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा ज्ञानीको मनोनाश पहिला प्रकारको मनोनाशलाई भगवान् वशिष्ठ सरुप मनोनाश भनी भन्नु भएको छ । "अर्थात अरुवाट देखिए तापनि ज्ञानीको मन नष्ट भएको छ" । दोश्रो प्रकारको मनोनाशलाई अरुप मनोनाश भनी योगवाशिष्ठमा भनिएको छ "अर्थात अरुको दृष्टिमा पनि ज्ञानीको मन नष्ट भएको छ" । समाधि "वृत्तिनिरोध" अभ्यासको प्रकर्ष अनुसार उत्तरोतर ज्ञान भूमिका "ज्ञान को परिपाक" पुरुषको प्राप्त हुन्छ ।

मनको दुइ भाग

मनको जड़ र चेतन यो दुई भागको वारेमा पहिले कहियको छ जसलाई यनुष्य "चेतन किम्वा द्रष्टा" भनिएको छ त्यो पनि हो साभास मनको एक भाग र जसलाई "जड़" देहादि दृश्य जगत भनिएको छ त्यो पनि हो साभास मनको एक भागमात्र किन्तु साभास मनको यो दुई भाग को भिन्न, चेतन "किम्वा द्रष्टा" भाग दृश्य भागलाई उत्पन्न गर्न सक्दछ "किनकि यो दृश्य भागको स्वतन्त्रसत्ता छैन" किन्तु दृश्य भाग द्रष्टा भागलाई उत्पन्न गर्न सक्दैन । मनुष्य भुलले "अध्यासको फलले मन विशिष्ठ भै कन प्रपञ्चलाई किम्वा सुख दुःख अनुभवलाई सत्य भनि निश्चय गर्दछ किन्तु त्यो वास्तवमा विकारी चेतन द्रष्टाको स्वतः प्रकाशक हो "निज निर्विकार चैतन्य स्वरुप देखि विकारी द्रष्टाको पथक सत्ता किम्वा प्रकाश हुँदन । जव त्यो वास्तवमा परिणामी द्रष्टाको पनि निर्विकार प्रकाशक हो तव त्यो सम्पूर्ण दृश्यको 'जगत भानको र सुख दुःख अनुभवको' प्रकाशक हः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेर त भन्नै परेन । त्यो हो वास्तवमा मनको वृत्तिरूप द्रष्टा र दृश्य दुवै भागको अविकारी प्रकाशक 'साक्षी चैतन्य'। त्यस्तो नभए दुवै प्रकारका वृत्तिको अभाव सिध्द हुने थिएन । विकारी द्रष्टा भावको 'प्रमाता भावको' अभाव 'सुषुप्ति आदि अवस्थामा' मानिस जान्द छ 'प्रकाश गरि राख्छ।

यसरी देखिन्छ कि सम्पूर्ण मन प्रारब्धको अधिन होइन मन प्रारब्धको अधीन भए शंकाकर्त्ता 'जिज्ञासु' प्रारब्धको अनधीन जो मनको निरोधरुप पुरुषार्थ हो त्यसको कुरा कसरी जान्न सक्ने थियो ? विषयमा आशक्त भएको मन 'चिदाभास प्रमाता' प्रारब्धको अधीन भएतापनि निर्विषय 'विषय चिन्तन रहित' वैराग्य युक्त मन 'प्रमाता' आफनो ब्रम्ह स्वरूपको साक्षात्कार गर्न समर्थ हुन्छ 'गीतामृत पृष्ठ १८० को तल हेर्नु होस' मनलाई मन द्वारा जित्नु पर्छ विवेक वैराग्य युक्त मन द्वारा विषयासक्त मनलाई जित्नु पर्छ। परिणामले मन 'प्रमाता चैतन्य' सारा वृत्ति 'दृश्यभाग मनरुप उपाधि लाई परित्याग गरीकन साक्षी चैतन्य स्वरूपमा स्थित भईहाल्छ मन अखण्डाकार भइहाल्छ 'वेदान्त विज्ञान ३८,४० हेर्नु होस' । यसरी मनको सत्त्व प्रधान भाग 'विवेक वैराग्य युक्त मन' जसबाट आफ्नु वास्तव साक्षी स्वरूपको अनुभव हुन्छ प्रारब्ध को अधीन होइन ।

हिस्सा (३) को विवेचन

मनको निरोध सम्भव छ

मनलाई यदि निरोध गर्नु संभव हुने थीयन तव मनो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाश संभव नहुने थियो र जीवन्मुक्ति प्रति पादक शास्त्र निरर्थक हुने थियो। त्यसैले "हे राम तिमी दैव लाई उपेक्षा गरीकन केवल पुरूषार्थ गर" यस प्रकार भगवान् वशिष्ठको उपदेश पूर्ण रुपले सार्थक हो। किनकि अतीत जन्ममा जो कर्म गरिएको हो अहिले त्यसैलाई प्रारब्ध 'दैव' भनी भनिएको छ। पूर्वकृत पुरूषार्थ देखि अतिरिक्त दैव भन्ने कुनै वस्तु छैन–अर्थात् पूर्वकृत पुरूषार्थ को नै नाम हो प्रारब्ध। मनुष्य जस्तो जस्तो प्रयत्न गर्छ त्यस्तो त्यस्तो फल प्राप्त गर्छ (त्यसैलाई नै प्रारब्ध भनेको छ)। त्यसकारण पुरूषार्थ नै हो सत्य–फलोन्मुख भए त्यसैको नै नाम हो प्रारब्ध [किम्वा दैव]।

मनुष्य जस्तो प्रयत्न गर्छ यथा समय त्यस्को फल अवश्य प्राप्त गर्छ। संसारमा यस्तो कुनै वस्तु छैन जो पुरूषार्थ बाट प्राप्त हुंदैन। जस्को मनमा जस्तो चिन्तन दृढ़ हुन्छ त्यो त्यस्ले ई नै प्रत्यक्ष अनुभव गरिहाल्छ। हामी हरूको सुख दुःख सारा अनुभव हो हाम हरूको मनको दृढ़ चिन्तनको फल। दृढ़ भावना युक्त भएर मन जो वस्तु को बारेमा जस्तो कल्पना गर्छ त्यस प्रकारको नै फल मनुष्य अनुभव गर्छ। जुन भावना को दृढ़ अभ्यास कसैले गर्छ त्यस्को त्यस्तै अनुभव हुन्छ अभ्यासको [पुनः पुनः गर्नु को] यो नै हो महत्व।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनको मूर्खताको फलले पहाड झैं दुःख बढ़ेर आउँछ र मन निरूद्ध भए दुःखको लेश पनि रहँदैन । मनपूर्ण [अखण्डित] भए सारा संसार अमृतमय झैं पूर्ण अनु भव हुन्छ । आत्माको दर्शन केवल वृत्तिरहित मनमा संभव हुन्छ । वृत्ति रहित भएर जब मन चंचल भावलाई आफ्नु परिणामी स्वभावलाई] परित्याग गर्छ तब आफ्नु भित्र अखण्डानन्द स्वरूपको अनुभव गरि हाल्छ । त्यस कारण पुरूषार्थ द्वारा चित्तको [मनको] चंचल भावलाई निरूद्ध गर्नु पर्दछ । यसरी चित्त वृत्ति को अभिभव बाट आनन्द स्वरुप आत्माको अनुभूति प्रत्यक्ष रुपले हुन्छ [अर्थात् प्रारब्ध फलको भित्र भनी जन्य हुन्छ]–त्यसकारण प्रारब्ध चित्तवृत्ति निरोधको प्रतिबन्धक होइन ।

कर्तृत्व आदि रुप चित्तको स्वभावगत धर्मलाई योगको अभ्यास बाट अभिभव गर्नु संभव छ । चित्त वृत्तिको निरोध रुप योगाभ्यास शास्त्रीय प्रयत्न भएको हुनाले प्रारब्ध देखि पनि प्रबल हो–यो उद्दालक वीतहव्य आदि योगीहरूद्वारा प्रमाणित भएको छ [योग वाशिष्ठ उपशम प्रकरण ५१ – ५५ अध्याय हेर्नुहोस् । यसरी अन्तमा तुरीयगा योग भूमिका [अरुप ननोनाश] संभव हुन्छ ।

यसरी शास्त्र विरोधको पनि परिहार गरियो ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनो निरोधको क्रम

१, जस्ले सत्संग सुरू गरेको छ तिनीहरू संसारको 'अनात्म विषयको' चिन्तन पनि गर्छ र कैले कैले ध्येय आत्मा स्वरूपको पनि चिन्तन 'वृत्ति पूर्वक अनुभव गर्छ। तर यस प्रकार मिश्रित चिन्तन समाधीको अनुकुल हैन। त्यसकारण देहादि जगत पदार्थको चिन्तन नगरीकन 'किनकि संसारको चिन्तन नगरे तापनि परमात्मा प्रारब्ध अनुसार सबैको योग र क्षेम वहन गरि रहनु हुन्छ, यसप्रकार गीतामत २८१ पष्ठमा बताईएको छ' आफ्नु वास्तव सनातन चैतन्य स्वरूपको चिन्तन गर्नु — "म हूँ चैतन्य वस्तु, देहादि सुखादिको स्वत प्रकाशक, म भा कुनै दृश्य पदार्थ वास्तवमा छैन "यस प्रकार क्षण क्षणमा अनुभव गरिराख्नु। यसको नाम हो ध्यान — यस्मा ध्याता ध्यान र ध्यय रहन्छ। त्यस कारण यो चिन्तन धारा प्रवाह रूपले चल्न सक्तैन।

२, ध्यानको अभ्यासको परिणामले चैतन्यस्वरूपको चिन्तन धारा प्रवाह रुपले चलि रहन्छ। यस्को कारण यो हो कि यस्मा ध्याता भाव रहदैन "म ध्यान गरी राखेको छु" यसप्रकार बोध रहदैन-केवल ध्ययाकार वृत्ति प्रवाहित हुन्छ। ध्याता नरहेको हुनाले अरू कुनै 'शरीरको, संसारको किम्वा देश कालको' चिन्तन उठन सक्तैन।

ध्येयाकारवृत्ति प्रवाह र अरू सारा वृत्तिको 'चिन्ताको' 'अभावसाक्षी चैतन्यबाट ज्ञात भै रहन्छ। त्यसकारण यसलाई सम्यक रुपले ज्ञात 'सम्प्रज्ञात किम्वा सविकल्प' समाधि 'आत्माकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृत्ति प्रवाह' भनेको छ । यो हो ध्यान देखि उच्चतर अनुभवको भूमिका 'गीता रहस्य ग्रन्थ हेर्नुहोस' ।

३, सविकल्प समाधिमा ध्यान, ध्येय र ध्याता यो तीनवटा दृश्यको केवल ध्येयमात्र प्रकाशित 'साक्षिको प्रत्यक्ष' रहन्छ । जब ध्येयाकार वृत्तिरुप दृश्यपनि रहदैन–सारा दृश्य रहीत एकरस चैत यमात्र प्रकासित रहन्छ 'सर्व वृत्तिरहित चित्त चित्समुद्रको गर्भमा विलीन भएर अवस्थान गर्छ' तव त्यस–लाई असंप्रज्ञात "किम्वा 'निर्विकल्प' समाधि भनदछ ।

गीता ६।१८ देखि सुरु गरिकन ६।२३ सम्म श्लोकहरुमा यो चित्तनिरोधको क्रम भगवान कृष्ण देखाउनु भएको छ । चित्त यदि सारा 'अनात्म र आत्म' विषयवाट निवारित हुन्छ तव अधिष्ठान चैतन्य स्वरुपमा निमग्न भेकन नै स्थित रहन्छ –अर्थात् चित्त अखण्डाकार भईहाल्छ र योगी असंप्रज्ञात 'निर्विकल्प' समाधि निष्ठ भनी कहलाउँछ 'गीता ६।१८' ।

यो अवस्थामा चित्त विशेषरूपले निरुद्ध भईकन अधि–ष्ठान आत्म स्वरुपमा नै निश्चलरुपले अवस्थान गर्छ ।

चित्त ध्येयाकारमा पनि आकारित हुँदैन–अस्मिता 'अ–विद्या प्रतिविम्वत चिदाभास किम्वा सामान्य अहंकार' रुपले पनि चित्त स्फुरित हुँदैन । चित्तमा वाह्य आन्तर किम्वा वासना रूप कुनै प्रकार काम–कुनै प्रकार चित्तको किम्वा अ–विद्याको वृत्ति–रहदैन 'गीता ६।१८' ।

गीता ६।१६ श्लेकमा असंप्रज्ञात समाधिमा चित्तको अवस्थानको उपमा देखाईएको छ । चित्त निष्कम्पदीप शिखा झैं अत्यन्त अखण्डाकारमा–अधिष्ठान अद्वैत निज चैतन्य स्वरूप देखि अभिन्न रुपले–अवस्थित हुन्छ । आत्म स्वरुपदेखी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भिन्न रुपले चित्तको भान हुँदैन, किंतु अधिष्ठान अद्वैत निजो चैत यस्वरूपमात्र अखण्ड चित्तद्वारा अनुभव भं रह छ 'गीता ६।१६'।

गीता ६।२० देखि ६।२३ सम्म श्लोकहरु द्वारा असंप्रज्ञात समाधिको वर्णन गरिएको छ।

ध्येयाकार वृत्ति जबसम्म रह छ तबसम्म आत्म 'छु' रूपमाता 'महतत्व किम्वा साक्षी' त्यो ध्येयाकार वृत्तिलाई प्रकाश गरि रहन्छ यसलाई सप्रज्ञात समाधि भनेकोछ। जब ध्येयाकार वृत्ति रूप दृश्यको पनि निरोध हुन्छ–चित्त जब सारा वृत्ति रहीत 'अखण्डाकार' हुन्छ तब सारा दृश्य रहीत स्वय परि–शिष्ट रहन्छ। ध्येयाकार वृत्ति छ वा छैन यस्तो जो जान्दछ त्यो हो "अस्मि" 'छू' वा सामान्य अहंकार। त्यो दृश्य जब रहदैन 'ध्येयाकार वृत्तको निरोध हुन्छ' तब म केवल प्रकाश रुपले परिशिष्ट रहन्छु। अर्थात् अहंकार परित्याग भए म ब्रम्ह भै हाल्छु। आफ्नु वास्तव स्वरूपको कहिले पनि अभाव हुन सक्दैन।

चित्त पहिले अनात्म विषयाकार वृत्तिलाई छोडिकन आत्म स्वरूपमा स्थित हुन्छ–त्रिपुटी युक्त भएर आत्माकारमा आकारित हुन्छ। पछि क्रमले त्रिपुटीरहीत 'अखण्डाकार' भईकन आत्म स्वरूपमा स्वयं विलीन भईहाल्छ'।

गीता ६।२० श्लोमा असंप्रज्ञात समाधिको लक्षण भनेकोछ। जुन समाधि अवस्थामा अद्वितीय परमात्मा स्वरुप लाई अखण्डाकार चित्तद्वारा उपलब्धि गरीकन परमात्म स्वरूपलाई अन्तरात्मामानं निजरूपले प्रत्यक्ष अनुभव गरीकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'असंतोपको कुनै कारण विद्यमान नभएको हुनाले' योगी 'कुनै बाह्य विषयमा होइन' किन्तु आफुमानै परितोप प्राप्त गर्नु हुन्छ। यसलाई योगसिध्दि 'असंप्रज्ञात समाधि' भनेको छ।

गीता ६।२१ श्लोकमा यो योगसिध्दि अरू प्रकारले देखाईएकोछ जुन समय योगी ब्रम्हानन्द रूप सुख अनुभव गर्छ र अद्वैत निज वास्तव चैतन्यस्वरूपमा स्थित भए आत्म स्वरूपदेखो विचलित हुनुहुन त्यसलाई योग 'असंप्रज्ञात समधी' भनेकोछ।

अर्थात् जुन अवस्थामा एकपटक स्थित भएपछि केवल अद्वैतनिजचैतन्यस्वरुपको अनुभव मै रहन्छ र सारा दुःखकों सम्यक् नाश हुन्छ त्यस्लाई नै योगको [असंप्रज्ञात समाधिको] अवस्था भनेकोछ। एकपटक यो अवस्था मा स्थित भए योगी आफ्नू वास्तव आत्मस्वरूप लाई प्राप्त गरेको हुनाले अरु कुनै लाभलाई त्यसदेखि बढता भनी मान्नु हुन्न शस्त्रपात आदि महान् दुःखमापनि अभिभूत [घबरा हट्] हुनुहुन्न [गीता ६। २२-२३]।

यो निरतिशय स्वरुपसुख केवल अखण्डाकार चित्त-द्वारा अनुभव हुन्छ-यो अनात्म विषयबाट उत्पन्न हुदैन।

गीता ६। २४–२६ श्लोक हरुमा योगाभ्यासको प्रकार देखाईएको छ।

[१] "यो वस्तु हो धेरै राम्रो" यस प्रकार भ्रमबुद्धि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट त्यो वस्तुको लागि मनमा ईच्छा [कामना] उत्पन्न हुन्छ ।

[२] यसप्रकार सङ्कल्पबाट उत्पन्न सारा विषयको ईच्छा निषेध रुपले परित्याग गर्नु पर्छ ।

[३] विवेक युक्त [विषय दोष दर्शी] मनको सहारालें ईन्द्रीय हरुलाई सर्व प्रकारले नियमन गर्नु पर्छ ।

[४] धैर्य सम्पन्न बुद्धिको सहारालें विस्तार विस्तार विषयचिन्तन बाट मनलाई निवृत्ति गर्नुपर्छ ।

[५]मनलाई केवल आत्मस्वरुपमानिस्चल रुपले स्थित राख्नु –आत्मा किम्वा अनात्माको चिन्तन नगर्नु [गीता ६।२४ –२५]

मिथ्याज्ञान जनित रागादिको वशमा परेर मन धेरै चंचल [अस्थिर] हुन्छ । त्यस कारण शब्द आदि सारा विषयहो विनश्वर दुःख मिश्रित र अनात्मरुप यस्तो बुझेर –शब्द आदि सारा विषयमा वैराग्य भावना गरेर–विषय-बाट मन लाई नियमत [वृत्तिशून्य) गर्नु पर्छ । यसको फलले मन आत्म स्वरुपमा स्थित रहन्छ 'अर्थात् मनको विक्षेप र लय हुन नदिनु' यसरी विषयको विवेकद्वारा मनोनिग्रह आदिको अभ्यासको फलले योगीको मन आत्म स्वरुपमा लीन भईहाल्छ । 'गीता ६।२६'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय चिन्तनवाट मनलाई निवृत्ति गर्नु को क्रमहो यस प्रकार—

'१' विवेक शील पुरूषले वाणी ईन्द्रियलाई मनमा निरोधगर्नु—जल्प वितण्डा आदि वाणीको लौकिक व्यवहार 'जो धेरै विक्षेपको कारण हुन्छ' र जप आदि वैदिक व्यवहार परित्याग गर्नु। यसरी वाक्‌वृत्तिको निरोधगरीकन मनो वृत्तिमात्र वाकी राख्नु।

'२, त्यो मनलाई विकल्पयुक्त मनको ज्ञाता आफूमा 'व्यष्टि अहंकारमा, लय गरि दीनु। यसरी मनको सारा व्यापार परित्याग गरीकन विकल्प लाई जो जान्दछ त्यो अहंकार मात्र लाई वाँकी राख्नु।

३, त्यो ज्ञाता अहंकारलाई "आस्मि" त्यो सामा य समष्टी अहंकारमा 'ध्ययाकार वृत्तिलाई जो जान्दछ त्यो महतत्व मा किम्वा साक्षिमा' लय गरिदिनु साक्षि तत्वलाई वाँकी राख्नु र अन्तमा।

४, साक्षि स्वरूपलाई निर्विशेष परिपूर्ण परमात्म स्वरुपमा विलयगरीदीनु। जो अहंकारको 'साक्षिस्वरुपको' सहारालेध्ययाकार वृत्ति 'अस्तिमदृश्य' ज्ञात हुन्छ त्यो अहंकार परित्यक्त भए मन सम्पूर्ण वृत्ति सून्य 'निरूद्द भईहाल्छ। मनो निरोधको यो चतुर्थ भूमिका हो आत्म दर्शनको साधन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त सर्व वृत्ति रहीत भय आत्म दर्शन स्वतः शिद्ध हुन्छ किनकि स्वयं प्रकाश आत्माको आत्मस्वरूपको भानको कोई निवारण गर्न सक्दैन।

आत्मा चैतन्यरूप भएको हुनाले त्यस्को प्रकाशकोलागी वृत्तिरूपताको प्रयोजन छैन चित्त स्वभावतः आत्माकारमा आकरित हुन्छ। चित्त आत्माकार नभए अनात्माकारमा अकारित हुन्छ। यो दुई आकार बिना चित्त अवस्थित हुन सक्दैन। त्यसकारण चित्त आनात्माकार नभए केवल आत्माकारनै हुन्छ। अनात्मवृत्ति हरुको आत्यन्तिक निवृत्तिको लागी निरोध समाधि आवश्यक छ। अनात्मवृत्तिको निरोध-भए – अनावृत आत्माको प्रकाश स्वतः शिद्ध 'अखण्डाकार वृत्ति द्वारा शिद्ध' हुन्छ 'ज्ञाता-ज्ञेयकार वृत्तिको अपेक्षा हुदैन'। वृत्तिव्याप्ती 'अखण्डाकार बुद्धिमा प्रतिबिम्बित रूपले आत्मा को स्वतःस्फुरण' अनुभव सिद्ध भएतापनी भिन्न रूपले ज्ञात हुदैन।

मनलाई सर्वप्रकार वृत्तिरहित गरिकन – आत्मा किम्वा अनात्माको चिन्तन परित्याग गर्नु पर्छ। अनात्माकार वृत्तिको उत्पत्तिभए समाधि बाट व्युत्थान हुन्छ– समाधि अवस्था रहदैन। आत्माकार वृत्तिको उत्पन्नभए त्यो ध्येयमात्र आकार वृत्ति साक्षि आफुबाट ज्ञात भएको हुनाले – संप्रज्ञात समाधि भईहाल्छ 'असंप्रज्ञात समाधि रहदैन'। त्यसकारण असंप्रज्ञात समाधि स्थिर राख्नको लागी कुनै प्रकार मनोवृत्ति उत्पन्न हुन नदिनु।

असंप्रज्ञात समाधि अवस्थामा मन ज्ञेय परमात्म स्वरूपमा दृढ स्थित हुन्छ। त्यसलाई ब्रह्माकार वृत्ति, ब्रह्मभिन्न रूपले मनको अवस्थिती' किम्वा अखण्डाकारवृत्ति 'मनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अखण्डित किम्वा वृत्ति शून्य रूपले स्थित' भनिएको छ – यो ब्रह्मदेख पथकरूपले भासमान हुँदैन – केवल अद्वितीय ब्रह्म स्वभासित हुन्छ । त्यसकारण यो वृत्तिलाई तत्कालमा अज्ञान किम्वा साक्षी दृश्य भन्दछ । व्युत्थान भए "समाधि अवस्थामा ब्रह्माकार वृत्ति थियो" यसप्रकार स्मरण हुन्छ – त्यो द्वैत संस्कारबाट उत्पन्न हुन्छ र अद्वैत अनुभवमा आरोपित हुन्छ ।

यसरी असंप्रज्ञात समाधि प्राप्त भए मनको नास "वृत्ति शून्यता किम्वा मनोनिरोध" हुन्छ । यसैको नै परिपाक "ज्ञानको परिपाक" किम्वा समाधि उत्कर्षको सीमा हो तुरीयगा ज्ञान भूमिका "किम्वा महायोग" ।

अनुशीलन (परीक्षात्मक प्रणाली)

१. सप्रज्ञात समाधि हो चित्तको एकाग्र भूमिका र असंप्रज्ञात समाधि हो चित्तको निरुद्ध भूमिका – यो विषयमा स्पष्ट विवेचना गर ।

(उत्तर – प्रश्न १३ र त्यसको उत्तर हेर्नु)

२. साक्षी भावको पनि निरोध भए सर्व निरोध हुन्छ र शान्त आत्मा परिशिष्ट रहन्छ – यसको प्रतिपादन गर ।

३. साक्षी स्वरूपको ज्ञान कुन क्रमले उत्पादन हुन्छ त्यसको विवेचन गर ।

४. सुषुप्ति र असंप्रज्ञात समाधि भिन्न के भेद छ त्यसको स्पष्ट प्रतिपादन गर ।

उत्तर :– सुषुप्ति दशामा मन–अविद्या र सारा प्रतीति को बीजरुप वासना सित तमोगुणरूप बीजभाव प्राप्त हुन्छ । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बीजभाव किम्वा कारण शरीर हो सबैको लागि समान । तर विवेक विज्ञान द्वारा निगृहित मन निरुध्दावस्था प्राप्त भए अविद्यामा लीन हुन सक्दैन "अनात्मप्रतीतिको बीजभाव प्राप्त हुँदैन" । त्यसकारण सुषुप्त मनको र समाहित मनको व्यापार हो परस्पर भिन्न ।

सुषुप्तिमा "जाग्रतमा पनि सुषुप्ति हुन्छ" । मन लीन भए "यो हो मूढ समाधि जस्तो" ज्ञानाभ्यास र वैराग्य यो द्विविध उपायबाट मनलाई आत्मविषय विवेक ज्ञानका साथ संयोजोत गर्नु पर्छ "आत्मा र अनात्माको विवेक दर्शन मा मनोयोग गर्नु, मनलाई लगाउनु" । इष्ट विषयको उपमे।- गमा मन चञ्चल भए "त्रिकुटी युक्त भए" पुनः पुनः अभ्यास द्वारा मनलाई प्रशान्त तुल्याउनु - मनलाई स्थिर राख्नु "विषयाकारमा आकारित हुन नदिनु" । यसरी बारम्बार अभ्यास वशात् भोग्य विषयबाट निवृत्त र लयावस्थाबाट प्रबोधित किन्तु समता "अचलभाव" प्राप्त न भईकन मध्य वर्ती अवस्थामा स्थित भएपछि मनलाई सूक्ष्म विषयानुराग युक्त "उद्बुद्ध रागद्वेषयुक्त" भनी जान्नु अर्थात अहिले मेरो मन प्रवृत्तिको बीजरुप सूक्ष्म विषयको अनुरागयुक्त भएको छ यस प्रकार जान्नु पर्छ । यसरी जानेर यत्नपूर्वक "सम्प्रज्ञात समाधि द्वारा" यो अवस्थाबाट पनि मनलाई वृत्ति रहित गर्नु पर्छ ।

५. लय, विक्षेप, कषाय र रसास्वाद यो चार विघ्नको कसरी निवारण गर्नु पर्छ त्यसको विस्तृत विवेचना गर ।

मनोनिग्रहका विघ्नहरुलाई अतिक्रमण गर्ने उपाय देखा इच्छन् विघ्न हुन चार प्रकार १. लय २. विक्षेप ३. कषाय र ४. रसास्वाद ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अखिन्न चित्तबाट उद्यम गर्नु नै एकमात्र उपाय होइन किन्तु भोग विषयमा चंचलीभूत मनलाई निगृहीत गर्नु पर्छ [आफ्नो चैतन्य स्वरुपमा नै निरुद्ध गरी दिनु पर्छ] र सुषुप्तिमा लयभाव प्राप्त मनलाई पनि निगृहीत गर्नु पर्छ। किनकि विषय स्पृहा [काम] जस्तो अनर्थको हेतु हुन्छन त्यस्तै लय [मूढ समाधि] पनि अनर्थको हेतुहो। त्यस कारण विषयमा आशक्त विक्षिप्त [विषयको आकार मा आकारित अर्थात विषय चिन्तायुक्त] मनको निग्रह झैं लय [यो हो मूढ समाधि झैं] अवस्यादेखि पनि मन लाई निरुद्ध गर्नु आवश्यक छ।

यसको उपाय के हो? अविद्याबाट उत्पन्न सारा द्वैत पदार्थ हुन दुःख मिश्रित यस्तो निरंतर स्मरण गरेर इष्ट विषयमा आशक्त [ईच्छायुक्त] मनलाई वैराग्य भावना द्वारा निवर्तित गरेर [फर्काएर त्रिपुटी युक्त हुन नदीइकन] साक्षी चैतन्य स्वरुपमा स्थित राख्नु। सबै पदार्थ नै [द्वैतनै] हुन चैतन्य स्वरुप- गुरु र शास्त्रबाट यस प्रकार जानेर निरन्तर निजी साक्षी स्वरुपको स्मरण गरेपछि [बुद्धि पूर्वक अनुभव गरेपछि] ईप्सित द्वैत पदार्थ अदृश्य भई हाल्छन किनकि वास्तव मा द्वैत भन्ने कुनै सत्य वस्तु छैन [पदार्थको कल्पना नगरे पदार्थ उपलब्ध हुँदैन] [प्रश्न ४ को अन्तिम भाग हेर्नुस]।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः– मनको समता [वृत्ति राहित्य] कसरी गर्नु ?

उत्तरः– मन सूक्ष्म विषयानुराग युक्त भए त्यो तिमि तत्कालमा नै जानी हाल्छौं [कषाययुक्त मनलाई तिमि प्रकाश गरि हाल्छौं] त्यस कारण यस्तो मन चाँडैनै स्थूल विषयमा प्रवृत्त भईहाल्छ यस प्रकार अनर्थ को संभावना बुझिकन सूक्ष्म रागद्वेषलाई चित्तमा उठन नदिनु अर्थात चित्तलाई समतायुक्त [निर्विषय किंवा विषयका चिन्ता रहित तुल्याउनु] चित्तवृत्ति रहित भयोकि तिमी तत्कालमा नै थाहा पाउछौं किन– कि तिमी चित्तको सारा अवस्थाको र चित्तको अभाव दशालाई पनि प्रकाश रूपले विद्यमान छौ साक्षी स्वरुप तिम्रो कहिले पनि अभाव हुन सक्दैन । यसप्रकार वृत्ति रहित मनलाइ जान्नुको [प्रकाश गर्नुको] नाम हो संप्रज्ञात समाधि ।

कषाययुक्त मन – हो निर्विकल्प समाधिको अत्य न्त दूर्जय र अनर्थकारी प्रतिबन्धक । त्यसकारण मनलाई सारा उद्बुद्ध रागद्वेषादिको संस्कारबाट मुक्त राख्नको लागी प्रबल प्रयत्न गर्नु पर्छ । त्यसो न भए चित्त समभाव प्राप्त [ब्रह्माकारमा आकारित] हुन सक्दैन । यो प्रयत्न हो अत्यन्त गुरुत्व पूर्ण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०– जाग्रतमा कसरी सुषुप्ति हुन सक्ला ?

उ०– तुरीय र सुषुप्ति जस्तो चार प्रकारका हुन् त्यस्तै जाग्रत र स्वप्न अवस्था पनि चार प्रकारका हुन्छन् । यथा —

१. जाग्रत् जाग्रत् – इन्द्रिय द्वारा व्यवहार,
२. जाग्रत स्वप्न – मानस चिन्तन,
३. जाग्रत सुषुप्ति – स्तब्धि भाव [चित्तको लीनता चुपचाप रहनु]
४. जाग्रत तुर्य – सुखानुभव ।

---

१. स्वप्न जाग्रत – कल्पित इन्द्रियबाट कल्पित विषय मा व्यवहार,
२. स्वप्न स्वप्न – स्वप्नमा मानस चिन्तन,
३. स्वप्न सुषुप्ति –स्वप्नमा इतिकर्व्यताको अभाव र
४. स्वप्न तुर्य – तृप्तता ।

यसरी लय विक्षेप र कषायको प्रतिकार देखाइयो । अहिले रसास्वाद विघ्नलाई कसरी अतिक्रमण गर्नु पर्छ देखाइन्छ :– सम्प्रज्ञात समाधिमा जो सुख दुःख हुन्छ (अनुभूत हुन्छ] त्यो अविद्या । कल्पित भएकोले निश्चित रूपले मिथ्या हो यस्तो जानेर त्यो सुख विषय अनुरागबाट पनि मनलाई हटाउनुपर्छ – मैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिले सुखानुभव गरि राखेको छु यस्तो चित्तलाई उठ्न दिनु हुँदैन विवेक ज्ञानको सहारालें सुखभोगबाट निस्पृह रहनु पर्छ, किनकि तिमी हौ अखण्ड आनन्दस्वरूप यसरी चित्तलाई अखण्डाकार 'वृत्ति रहित' तुल्याउनु पर्छ। चित्त जब सुखानुरागबाट निवृत्ति भएर फेरि बाहिरको विषयमा जान खोज्दछ तब त्यहाँबाट पनि चित्तलाई निवारित गरेर यत्नपूर्वक आफ्नो चैतन्य स्वरूपमा एकीभूत गर्नु पर्छ। ब्रह्माकारमा आकारित गर्नु कुनै विषयको विषयमा आकारित हुन नदिनु।

प्र०— चित्तलाई कसरी ब्रह्माकारमा आकारित गर्नु ?

उ०— चित्त यदि विषयाकारमा आकारित हुन पाउँदैन तब चित्त स्वतः अचल "वृत्ति रहित" भएर स्थित हुन्छ। त्रिपुटी भाव हो चित्तको खण्डित भाव यो बन्द भए चित्त अखण्डित रूपले बर्तीव गर्छ। यसैको नाम हो ब्रह्माकार 'अखण्डाकार' चित्तवृत्ति— वृत्ति शब्दको अर्थ चित्तको परिणाम होइन किन्तु विषको चैतन्य निष्ठ वास्तविक स्वरूपमा वर्तमानता।

यसरी माथि देखाइएका उपायबाट निगृहित चित्त जब सुषुप्तिमा लीन हुँदैन र विषयमा पनि विक्षिप्त हुँदैन किन्तु निश्चल वायु रहित बत्ती झैं अनाभास भइ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाल्छ । अर्थात कल्पीत कुनै वीषयको आकारमा आकारीत भएर प्रकाश नपाउने, तब चीत्त ब्रह्म स्वरुपमा अवस्थीत भईहाल्छ ।

येा नै हो असम्प्रज्ञात समाधी "अन्तिम साक्षात्कार वृत्ति" ।

६. निरतीशय ब्रह्मानन्दको "अवर्णनीय सुखको" अनुभव प्राप्तिको उपाय विश्लेषण पूर्वक देखाउ ।

उतरः- चितको सर्वप्रकार वृत्ति प्रशमित भए चीत्त परमा नन्दलाई प्रगटीत गर्दछ । त्यसैलाई नै असम्प्रज्ञात समाधी भनेको छ । आत्म दर्शन स्वतः सिध्द भएतापनि अनात्म दर्शन निवारणको लागी चित्त नीरोधको प्रयोजन हुन्छ । वृतीसून्य चीत्त अत्यन्त सूक्ष्म हुन्छ र केवल चीदात्माको अभिमुख भएको हुनाले एकाग्र हुन्छ र त्यसबाट निर्विघ्न आत्मानुभव संभव हुन्छ । त्यो चिद्रुप आत्मा नै हो अखण्ड आनन्द स्वरुप । येा नै गीता ६।२१ श्लोकको विवेचनामा देखाई सकेको हों ।

मैत्रायणी उपनिषदमा ४।६ भनिएको छ ।

सम्प्रज्ञात समाधीको अभ्यासबाट बुध्दि निर्मल "सारा वृती रहीत" भएर आत्मामा स्थापीत भये जो सुख अनुभव हुन्छ त्यो समाधी दशामा वाणीबाट "वचनबाट" वर्णनगर्न सकीदैन त्यसबेला मन आफुले त्यो बुझ्न सक्दछ "अर्थात् असम्प्रज्ञात समाधी नीष्ठयेागी त्यो अवर्णनीय सुखलाई स्वयं अर्थात अखण्डाकार चीत्त द्वारा अनुभव गर्दछ" ।

अरु ठाउमा भनीएको छ ...

जस्को मन ब्रह्म बीचार गर्दै एकत्रीणको लागी पनी स्थिरता प्राप्त गरेको छ "अर्थात् मनको सारा वृतो निरुध्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छ" तीनले सारा पुण्य तीर्थको पानीले स्नान गरि सक्नु भयो, तीनले सारा पृथ्वीलाई दान गरिसक्नु भयो, तीनको हज्जार यज्ञको अनुष्ठान समाप्त भइसक्यो, तीनको सारा देवताको अर्च्चन भइ सक्यो, तीनले आफ्नु पीतृ पुरुष हरुलाई संसारबाट उद्धार गरायो र तिनी (आफु) तीनलोक को पुजनीय बन्यो।

फेरि पनि भनिएको छ।

जसको चित्त अनन्त सत्चिदान्द स्वरूप परब्रह्ममा लीन भएकोछ [सारा वृत्ति शून्य किम्वा अखण्डाकार भएकोछ] तिन्को कुल पवित्र भएकोछ, तिन्को जननी [आमा] यस्तो सन्तान प्रसव गरीकन [पाईकन] कृतकृत्य भएकी छन् र पृथ्वी पनि यस्तो पुरुषलाई पाईकन पुण्यवती भएकीछन्।

७– निरुद्ध [असंप्रज्ञात समाधि प्राप्त] चित्त–सुषुप्ति कालीन चित्तको झैं वृत्ति रहित भएको हुनाले आत्मदर्शनं को हेतु हुन सक्दैन यस प्रकार शंकाको समाधान के हो?

उत्तरः– आत्मदर्शन स्वतः सिद्ध भएको हुनाले त्यो कैलेपनि निवारित हुन सक्दैन–स्वयं प्रकाश आत्मा लाई जो निवारण गर्दछ त्यो नै हो आफ्नू स्वतः सिद्ध आत्मा। [प्रश्न ११ र त्यसको उत्तर हेर्नु]।

८– समाधि दशामा जो ब्रह्मानन्दको आविर्भाव हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो बुद्धिबाट आविर्भाव गरिन्छ मैत्रायणी उपनिषद्–प्रश्न ६ र गीता छ २१ हेर्नु] । तर "त्यो समयमा जो सुखको आविर्भाव हुन्छ त्यसलाई आस्वादन नगर्नु यसरी रसास्वादको निषेध गरिएकोछ [माण्डूक्य कारिका ३।४५] ।

यो विरोधको सामञ्जस्य कसरी गर्नुपर्छ ?

उत्तर–बुद्धिद्वारा जो निरोध सुखको अनुभव हुन्छ माण्डूक्य कारिकामा त्यस्को निषेध गरिएको छैन । तर त्यो सुखको स्मरण पूर्वक अनुभव जो व्युत्थानको हेतु हुन्छ र असंप्रज्ञात समाधिको विरोध हुन्छ [अर्थात् सम्प्रज्ञात समाधिरूप हुन्छ] –त्यसैको निषेध गरिएको छ ।

जस्ता सुषुप्ति कालमा अति सूक्ष्म अविद्या वृत्ति-द्वारा आत्माको स्वरूपभूत सुख अनुभव भए तापनि तत्कालमा त्यो सविकल्पक ज्ञानद्वारा भोक्ता भोग्य र भोग यो त्रिपुटीद्वारा उपलब्धिगर्नु बन्दैन, किन्तु जाग्रत अवस्था भएपछि त्यसको स्मरण पूर्वक सुस्पष्ट रूपले अनुभव गरिन्छ–त्यस्तै असंप्रज्ञात समाधि काल-मा वृत्ति शून्य [अखण्डाकार] चित्तद्वारा जो सुखको अनुभव हुन्छ त्यो नै हो मैत्रायणी श्रुति र गीता स्मृति वाक्यको उद्देश्य । मैले विसाल समाधि सुखको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुभव गरेको थियँ व्युत्थान कालमा यस प्रकार सविकल्पक, स्मरणपूर्वक अनुभव [त्रिपुटी पूर्वक सुखको अनुभव] लाई गौडपाद माण्डूक्य कारिकामा निषेध गर्नु भएको छ । असंप्रज्ञात समाधिकालमा ब्रह्मानन्दमा निमग्नचित्तलाई कहिलेपनि सुखास्वादनको [रसास्वादको] लागि विचलित नगर्नु किन्तु परब्रह्मसित एकभावापन्न गरेर राख्नु यो नै हो माण्डूक्य कारिकाको उद्देश्य । लय, विक्षेप, कषाय र समप्राप्ति मनको यो चारै अवस्थाको भित्र सम प्राप्तिको [अखण्डाकार वृत्ति] को रक्षण हो भगवान गौडपादको अभिप्राय ।

यसरी आपात विरोधको सामञ्जस्य गर्नु पर्छ । प्रश्न ५ को उत्तर रसास्वादलाई कसरी अतिक्रमण गर्नु पर्छ हेर्नुहोस] ।

६– असम्प्रज्ञात समाधि कालमा ब्रह्माकारवृत्ति अज्ञात रहन्छ – यसको रहस्य के हो !

उत्तर – अखण्डाकार वृत्ति अनुभव सिद्ध भए तापनि भिन्न रूपले [अर्थात् त्रिपुटीपूर्वक] ज्ञात हुदैन । समाधिकाल्मा ब्रह्माकार वृत्ति साक्षिभास्यरूपले थियो यस प्रकार स्मरण व्युत्थान दशामा हुन्छ । त्यो द्वैत संस्कारबाट उत्पन्न हुन्छ र अद्वैत अनुभवमा आरोपित हुन्छ– जस्तो सुषुप्तिकालीन ब्रह्मानुभवमा जागरण भय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि – भोक्ता आदिभाव मिथ्या संस्कारको वलले कल्पित हुन्छ ।

१०– ब्रह्मानन्दको अनुभव दुई प्रकारको हुन्छ–सविकल्पक र निर्विकल्पक । ईनीहरुको भिन्न जो पार्थक्य छ स्यो स्पष्ट रुपले देखाउ ।

उत्तर – सविकल्पक अनुभव त्रिपुटी पूर्वक किम्वा ध्याता ध्यय यसप्रकार द्वैत विभाग पूर्वक हुन्छ । यसलाई रस स्व द [सुखास्वाद] भनेको छ । निर्विकल्पक अनुभव असंप्रज्ञात समाधिकाल्मा हुन्छ । यसलाई अद्वैत अनुभव किम्वा परमात्मसाक्षात्कार भनेको छ । पहिला अनुभव एकाग्र चित्तवृत्तिको सहाराबाट संभव हुन्छ । दोश्रा अनुभव निरुद्ध [अखण्डाकार] चित्तवृत्ति को सहारालें संभव हुन्छ । पहिला अनुभव हो पुरुषतंत्र र दोश्रा अनुभव हो वस्तुतंत्र [प्रश्न ८ र त्यस्को जवाफ पनि हेर्नु] ।

११– आत्म दर्शनको उपायके हो ? चित्तवृत्तिको सहारावाट किम्वा वृत्ती रहित चित्तवाट आत्मदर्शन हुन्छ ?

उत्तर– वृत्ति रहित चित्त आत्मदर्शनको अमुपयोगी व्हैन वरु त्यो नै हो उपाय । वृत्ति रहित चित्तमा अनात्मदर्शन निवृत्त हुन्छ । त्यसैले भनेको छ कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा योगबाट प्रत्यक्ष हुन्छ, परिणामले स्वतः सिद्ध आत्मदर्शन संभव हुन्छ। आत्मदर्शनमा चित्तवृत्ति-द्रष्टा, दृश्यभाव आवश्यक छैन [किन्तु चित्तको अखण्डाकारता आवश्यक हुन्छ। प्रश्न ७ र त्यस्को उत्तर हेर्नु]।

१२- इन्द्रिय र मनको निरोधको क्रम संक्षेपले प्रतिपादन गर।

उत्तरः- इन्द्रियलाई मनमा निरोध गर्नु, मनलाई ज्ञाता अहंकारमा, अहंकारलाई साक्षिस्वरूपमा निरोधगर्नु र साक्षीलाई परिपूर्ण परमात्मा स्वरूपमा पर्यवशितगर्नु। इन्द्रिय — मन — अहंकार — साक्षी — परमात्मा।

१३- सम्प्रज्ञातयोग र असम्प्रज्ञातयोगको भिन्न पार्थक्य के हो?

उत्तरः- आत्माकार एकाग्र वृत्ति हो सम्प्रज्ञातरूप [सम्प्रज्ञातयोगमा सात्विक वृत्ति रहन्छ, त्यस्को निरोध हुँदैन]। असंप्रज्ञात योग हो निर्वृत्तिक। सम्प्रज्ञातयोगबाट बुद्धिको निर्मलता हुन्छ साक्षिस्वरूपको अनुभव हुन्छ र साक्षिभावको निरोध भए सर्वनिरोध हुन्छ र असंप्रज्ञातयोग प्राप्त हुन्छ। समप्राप्ति [ब्रह्माकार वृत्तिको उत्पत्ति] पूर्वक मनलाई त्यो अवस्थामा [अखण्डा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारमा] राखेपछि ब्रह्मानन्द आविर्भूत हुन्छ । व्युत्थान कालमा त्यो समाधिसुखलाई स्मरण पूर्वक अनुभव नगर्नु]।

१४– गीताको स्थितप्रज्ञ र गुणातीत ज्ञानीहरु कुन भूमिकामा स्थित हुन्छन् ?

उत्तरः– स्थितप्रज्ञ हुनुहुन्छ ब्रह्मविद्वर र गुणातीत पुरुषहरू हुनुहुन्छ ब्रह्मविद्, ब्रह्मविद्वर, ब्रह्मविद्वरियान् र ब्रह्मविद् वरिष्ठ – यो चार भूमिकामा अवस्थित । यस्को विवरण पहिले दिसकेको छ ।]

१५– ब्रह्माकार वृत्ति कसलाई भन्छ ?

उत्तरः– ब्रह्माकार वृत्ति किम्वा अखण्डाकार वृत्ति चित्तको परिणाम होइन, किन्तु सम्पूर्ण वृत्तिरहित– ब्रह्मस्वरूपमा अवस्थित र त्यसदेखि अभिन्न चित्तको अवस्थिति । सुषुप्ति दशामा मन अविद्यामा विलीन हुन्छ किन्तु निरूद्ध अवस्थामा मन ब्रह्मस्वरूपमा विलीन हुन्छ ब्रह्मरुपले अवस्थित हुन्छ मन ब्रह्मभाव प्राप्त गर्छ ।]

१६– भगवद्गीतामा योगलाई [दुःख संयोग वियोग] भनेको छ । यस्को सार्थकता प्रतिपादन गर्नुहोस् ।

उत्तरः– गीता ६।२२ श्लोकमा भनिएकोछ कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असंप्रज्ञात समाधि अवस्थामा स्थित योगी अभिशाप र शास्त्रपातआदि महादुःखमा पनि विचलित हुँदैन। दुःख हो चित्तकोवृत्ति त्यसकारण चित्तवृत्ति शून्य भए [निरोध समाधि प्राप्त भए] योगी कुनै प्रकार दुःख द्वारा विचलित हुँदैन। वृत्ति रहित मनलाई दृढ किम्वा तीव्र मन भनेको छ। जस्तो [जगत विषयक किम्वा परमात्म विषयक]। भावनाको दृढता हुन्छ त्यस्तै मनुष्यको अनुभव हुन्छ – मनको दृढ निश्चय अनुसार पुरुषको अनुभव हुन्छ अरु विषयको अनुभव हुन सक्दैन। इन्दु ब्राह्मणको पुत्रहरूको ब्रह्म-विषयक अनुभवलाई अरु ब्रह्मले खण्डन गर्न सक्नु भएन। इन्द्र अहल्याको दृढ पारस्परिक प्रेमलाई भरत मुनिको श्रापले अन्यथा गर्न सकेन। कदम्बतपा वर्णित आठभाईहरुको देवतावाट वर प्राप्तिको दृढ निश्चयलाई दुर्वाशा मूनिको श्रापले विचलित गर्न सकेन। योगवाशिष्ठ ग्रन्थको उत्पत्ति प्रकरणमा र निर्वाण उत्तरार्धमा कहिएको धेरै उपाख्यानवाट मनको अवश्यम्भावि दृढताको फल देखाइएको हो। माण्डव्य ऋषिलाई शूलमाथि चढाउँदा पनि तिन्को कुनै दुःखको अनुभव भएको थिएन यसको कारण यो हो कि तिन्को चित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मस्वरुपमा दृढ स्थित थियो । जसको वृत्ति परमात्म स्वरुपबाट विचलित हुँदैन तिनलाई कुनै प्रकारको संसार ताप आँधि व्याधि श्राप मंत्र किम्वा पाप कर्म स्पर्श गर्न सक्दैन । शरीर नष्ट भए तापनि तिन्को निश्चय को विपर्यय हुँदैन । मन आत्मस्वरुपमा दृढ स्थित भए [अखण्डाकार भए] वाह्य शरीर आदि विषयलाई ग्रहण गर्न सक्दैन त्यसकारण सांसारिक कुनै दुःख किम्वा श्रापबाट तिन्को मन अभिभूत हुँदैन । कुनै दुःख किम्वा श्रापबाट मन विपर्यस्त भए बुझनुपर्छ कि त्यस्को मन आत्मस्वरुपमा दृढ स्थित थिएन — त्यस्को आत्मा अभ्यासमा शिथिलता थियो । त्यसकारण मनद्वारा मनलाई वशिभूत गरीकन परमपदमा संयुक्त गरेपछि [मनलाई अखण्डाकार तुल्याएपछि] मन जगतको कुनै पदार्थबाट अभिभूत [परिणामप्राप्त] हुँन सक्दैन । जस्को अद्वैत आत्मस्वरूपको निश्चय भएकोछ तिन्को सांसारिक कुनै पदार्थमा सत्यता बुद्धि उत्पन्न हुन सक्दैन ।]

—: समाप्त :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(9)

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

१. ४. वैशाख २०६६		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक प्राप्ति स्थान

१. नारायणी अन्चल नेपालमा :-

क] प्रधानकार्यालय, अद्वैत संस्था नारायणगढ

ख] अन्चलका सबै शाखाहरु

२. वाग्मती अन्चलमा :-

क] वाग्मती अन्चल कार्यालय अद्वैत संस्था सेतो दरबार काठमाण्डू

ख] वाग्मती अन्चलका सबै शाखाहरु

३. गण्डकी अन्चलमा :-

क] गण्डकी अन्चल कार्यालय, अद्वैत संस्था वन्दीपुर बजार र पोखरा

ख] गण्डकी अन्चलका सबै शाखा

४. लुम्बिनी अन्चलमा :-

क] लुम्बीनी अन्चल कार्यालय अद्वैत संस्था रिडी

ख] लुम्बिनी अन्चलका सबै शाखाहरु

५. नेपालका सबै अद्वैत महाविद्यालयहरुमा

६. तारक, स्वरुपज्ञापक, सन्तापहारक र अद्वैत विश्वविद्यालयहरु क्रमशः नारायणगढ र काठमाण्डूमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu